समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०८१/०६/१५ बैठक संख्या: ५४

बैठक प्रारम्भ समय: विहानको ११:०० बजे बैठक समापन समय: बजे

**आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।**

**निर्णयहरु**

१. खाँदबारी नगरपालिकाको स्थानीय राजस्व परामर्श समितिको मिति २०८१/०६/०७ गतेको बैठक निर्णयबाट सिफारिस भए अनुसार खाँदबारी नगरपालिका वडा नं. १ स्थित खाँदबारी बसपार्क सञ्चालन, खाँदबारी नगरपालिका वडा नं. १ स्थित सोमनाथ घिमिरे स्मृति कभर्डहल सञ्चालन र खाँदबारी नगरक्षेत्रभित्रका सार्वजनिक जग्गा भाडामा लगाउने सम्बन्धमा बहाल बिटौरीकर संकलनको लागि देहाय अनुसार कार्यसञ्चालन गर्न नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

देहाय:

क. खाँदबारी नगरपालिका वडा नं. १ स्थित खाँदबारी बसपार्क सञ्चालन सम्बन्धमा बार्षिक रु. ८,००,०००।- अक्षेरेपी आठ लाख मात्र न्यूनतम अङ्क कायम गरी बोलकबोलसम्बन्धी सार्वजनिक सूचना प्रकाशन गर्ने तथा आ. व. २०८१/८२ को हकमा बार्षिक रु. ८,००,०००।– को २०८१ मंसिर १ गतेदेखि २०८२ असार मसान्तसम्मको लागि दामासाहीले आठ महिनाको हुन आउने रकम रु. ५,३४,०००।– अक्षेरेपी पाँच लाख चौतीस हजार मात्र न्यूनतम अङ्क कायम गर्ने ।

ख. खाँदबारी नगरपालिका वडा नं. १ स्थित सोमनाथ घिमिरे स्मृति कभर्डहल सञ्चालन सम्बन्धमा मासिक रु. २०,०००।- अक्षेरेपी बीस हजार मात्र न्यूनतम अङ्क कायम गरी बोलकबोलसम्बन्धी सार्वजनिक सूचना प्रकाशन गर्ने ।

ग. खाँदबारी नगरक्षेत्रभित्रका सार्वजनिक जग्गा भाडामा लगाउने सम्बन्धमा बहाल बिटौरीकर संकलनको लागि खाँदबारी नगरपालिका वडा नं. १ को आर्मीक्याम्पदेखि ढोलबाजेसम्म प्रति वर्ग फिट रु. ६०।-, खाँदबारी नगरपालिका वडा नं. ३ को मंगलादेवीथानदेखि चिसापानीसम्म प्रति वर्ग फिट रु. ४०।- र खाँदबारी नगरपालिका वडा नं. ९ को हकमा वडा नं. ८ को वडा सिमानादेखि सभाखोलासम्म प्रति वर्ग फिट रु. ४०।- बार्षिक न्यूनतम अङ्क कायम गरी बोलकबोलसम्बन्धी सार्वजनिक सूचना प्रकाशन गर्ने ।

२. खाँदबारी नगरपालिकाको आ. व. २०८०/८१ को सामाजिक परीक्षण कार्यको प्रारम्भिक प्रतिवेदन उपर कार्यपालिका बैठकमा छलफल गरी सुझावसहित पारित गर्ने ।

३. श्री विद्योदय संस्कृत माध्यमिक विद्यालय, खाँदबारी नगरपालिका वडा नं. ६ ले कक्षा ११-१२ सञ्चालनको लागि अनुमति माग गरेको सम्बन्धमा वडा कार्यालयको सिफारिस सहित सम्पूर्ण प्रक्रिया पूरा भई आएमा नियमानुसार सञ्चालन अनुमति दिने ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

रामदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०८१/०६/१५ बैठक संख्या: ५४

बैठक प्रारम्भ समय: विहानको ११:०० बजे बैठक समापन समय: बजे

४. खाँदबारी नगरपालिकामा रहेको ब्याक हो लोडर सञ्चालनसम्बन्धी कार्यमा खटिने सवारीचालक र सहयोगी कर्मचारीलाई अतिरिक्त समय काम गरे वापत् नियमानुसार अतिरिक्त सुविधा उपलब्ध गराउने तथा ब्याक हो लोडर सञ्चालन सम्बन्धमा नगर उपप्रमुखज्यूको निर्देशनमा पूर्वाधार विकास शाखामार्फत प्राथमिकताक्रम निर्धारण गरी बडादशैं अगावै सम्पूर्ण वडा कार्यालयसम्म जाने मोटरबाटोहरु मर्मत गर्ने व्यवस्था मिलाउने।

५. खाँदबारी नगरपालिकाको न्यायिक समिति कार्यविधि संशोधन गर्ने सम्बन्धमा पेश भएबमोजिम अनुसूची थप गर्ने।

६. २०८१ सालको विजयादशमी तथा शुभदीपावलीको अवसरमा नगरपालिकाका सम्पूर्ण पदाधिकारी, कर्मचारीहरु तथा नगरवासीहरुलाई शुभकामना प्रदान गर्ने।

७. खाँदबारी नगरपालिकाको स्थानीय बाल अधिकार समितिमा पदाधिकारी मनोनयन गर्ने सम्बन्धमा आगामी कार्यपालिका बैठकमा प्रस्तावित नामसहित पेश गर्ने।

८. आर्थिक सहायता वितरण सम्बन्धमा नगरपालिकामा हालसम्म पेश भएको निवेदन अनुसार देहायबमोजिम आर्थिक सहायता प्रदान गर्ने।

**देहाय:**

| सि.नं. | लाभग्राहीको नामथर | ठेगाना | सहायता रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | श्री हिन्दु स्वयम् सेवा संघ | | २५,०००।- | कार्यक्रमतर्फ |
| २. | श्री मनमाया अछामी | खाँदबारी - ५ | १०,०००।- | उपचार आर्थिक सहायता |
| ३. | श्री सरिता अधिकारी | खाँदबारी - ७ | १०,०००।- | उपचार आर्थिक सहायता |
| ४. | श्री पवित्रा विश्वकर्मा | खाँदबारी - ९ | ५,०००।- | आर्थिक सहायता |
| ५. | श्री नरबहादुर विश्वकर्मा | खाँदबारी - ११ | २०,०००।- | विपद् राहत आर्थिक सहायता |
| ६. | श्री बाह्रघरे पाडारे टोल विकास संस्था | खाँदबारी - ५ | ५,०००।- | कार्यक्रमतर्फ |
| ७. | श्री स्वर्गिक मार्ग नेपाल | | १५,०००।- | कार्यक्रमतर्फ |
| ८. | श्री इश्वरी बराल | खाँदबारी - ८ | १०,०००।- | उपचार आर्थिक सहायता |
| ९. | श्री मानबहादुर मगर | खाँदबारी - ९ | १०,०००।- | उपचार आर्थिक सहायता |
| १०. | श्री रेखादेवी सार्की | खाँदबारी - ११ | १०,०००।- | उपचार आर्थिक सहायता |
| ११. | श्री रिमा अछामी चर्मकार | खाँदबारी - ७ | १५,०००।- | उपचार आर्थिक सहायता |
| १२. | श्री विश्व हिन्दु महासंघ | | २०,०००।- | कार्यक्रमतर्फ |
| १३. | श्री पदम बहादुर श्रेष्ठ | खाँदबारी - ९ | १५,०००।- | उपचार आर्थिक सहायता |

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

रामदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०८१/०६/१५ बैठक संख्याः ५४

बैठक प्रारम्भ समयः विहानको ११:०० बजे बैठक समापन समयः बजे

| | | | | |
|---|---|---|---|---|
| १४. | श्री सलबहादुर मगर | खाँदबारी - ८ | १०,०००।- | उपचार आर्थिक सहायता |
| १५. | श्री सित्तलपाटी फुटबल क्लब | खाँदबारी - १० | ५०,०००।- | कार्यक्रमतर्फ |
| १६. | श्री खनाल टोल विकास संस्था बाटो मर्मत | खाँदबारी - ८ | ५०,०००।- | मर्मतसम्भारतर्फ |
| १७. | श्री हरि कुमार श्रेष्ठ | खाँदबारी - ९ | २०,०००।- | आगलागी पिडित |
| १८. | जिल्ला प्रहरी कार्यालयसँगको सहकार्यमा खाँदबारी बजार तथा राजमार्ग क्षेत्रमा CCTV व्यवस्थापन कार्य | | ३,५०,०००।- | कार्यक्रमतर्फ |

९. खाँदबारी नगरपालिका, नगरकार्यपालिका कार्यालयबाट चालू आ. व. को हालसम्म भएका सम्पूर्ण निर्णयहरु तथा सम्पूर्ण खर्च अनुमोदन गर्ने ।

१०. खाँदबारी नगरपालिकाको लागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्वीकृत दरबन्दी संरचना अनुसार रिक्त रहेका स्थायी पदहरुमा पदपुर्तिको लागि प्रदेश लोक सेवा आयोगमा माग आकृति फाराम भरी पठाउने ।

**आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो ।**

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

रामदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत